आज मिति २०७९ साल जेठ १४ गतेका दिन ठूलीभेरी नगरपालिकाका नगर प्रमुख श्री श्रवर्ण कुमार बुढाज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित सदस्यज्यूहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो :

उपस्थिति

| क्र.सं | नामथर | | पद |
|---|---|---|---|
| १. | श्री श्रवर्ण कुमार बुढा | - | अध्यक्ष |
| २. | श्री छिरिङ टोल्मा महत | - | सदस्य |
| ३. | श्री तेजेन्द्र बहादुर रोकाय | - | सदस्य |
| ४. | श्री कमल बहादुर क्षेत्री | - | सदस्य |
| ५. | श्री भक्त बहादुर भण्डारी | - | सदस्य |
| ६. | श्री जुद्ध बहादुर बुढा | - | समिति |
| ७. | श्री भिम बहादुर रोकाय | - | सदस्य |
| ८. | श्री तेजेन्द्र कार्की | - | सदस्य |
| ९. | श्री धुर्व विक्रम शाही | - | सदस्य |
| १०. | श्री मनराम ठकुल्ला | - | सदस्य |
| ११. | श्री सुवास कठायत | - | सदस्य |
| १२. | श्री हर्षरुप महत्त | - | सदस्य |
| १३. | श्री भद्रबहादुर कार्की | - | सदस्य |
| १४. | श्री सरस्वती बुढा | - | सदस्य |
| १५. | श्री पुतलीदेवी रोकाया | - | सदस्य |
| १६. | श्री कली भण्डारी | - | सदस्य |
| १७. | श्री पृथी सार्की | - | सदस्य |
| १८. | श्री हैता रोकाय | - | सदस्य |

१९. श्री दिलमाया बि.क. - सदस्य

२०. काजीमान वि.क. - सदस्य

२१. श्री विष्णु कुमारी डाँगी - सदस्य

२२. नि.प्रमुख प्रशासकीय अधिकृत श्री डिल प्रसाद रोकाय - सदस्य-सचिव

**प्रस्ताव नं. १ धन्यवाद तथा बधाई ज्ञापन सम्बन्धमा ।**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा पहिलो स्थानीय तह निर्वाचनबाट निर्वाचित भई ठुलीभेरी नगरपालिकाका जनप्रतिधिहरुको ५ वर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न भएकाले उहाँहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित भई आउनुभएका पदाधिकारीहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।

**प्रस्ताब नं. २. एम्बुलेन्स खरिद तथा कडारोग उपचार खर्च सहयोग सम्बन्धमा ।**

निर्णय नं. २. प्रस्ताव नं. २ मा व्यापक छलफल गर्दा ठूलीभेरी नगरपालिकाका नगर प्रमुख र उपप्रमुखज्यूको पदभार ग्रहण कार्यक्रममा ' सफा नगर, स्वस्थ्य नगरबासी ' को नारालाई साकार पार्न एम्बुलेन्स खरिद गरी स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै नेपाल सरकारले निर्धारण गरेका कडा प्रकृतिका ८ वटा रोगहरुको कुल उपचार खर्चको २५% उपचार खर्च रकम सहयोग गर्ने भनी भएको निर्णय कार्यान्वयनका लागि आवश्यक पहल गरी उक्त कार्यक्रमका लागि आगामी नगर सभाबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३. स्वास्थ्य निर्देशिका पास गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ प्रस्ताव नं. ३ मा छलफल गर्दा ठूलीभेरी नगरपालिकाको स्वास्थ्य क्षेत्रको मात्र नभएर समग्र अन्य क्षेत्रको विकासको लागि नगरबाट संचालन भएका विभिन्न कार्यक्रमको लक्ष्य अनुसारको प्रगति प्राप्त गर्नका लागि अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षणको पाटो अति आवश्यक पर्ने भएकोले ठूलीभेरी नगरपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण निर्देशिका २०७९ नगर कार्यपालिकाको बैठकबाट सर्वसम्मतीले पास गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ नगर सरसफाई तथा फोहोर व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा ' सफा नगर, स्वस्थ नगरबासी ' को नारालाई साकार पार्न मिति २०७९।०२।१३ बिहान ८ बजे करिब ११ बजेसम्म नगर प्रमुख श्री श्वबर्ण कुमार बुढाज्यूको नेतृत्वमा एअरपोर्ट क्षेत्र लगाएत नगर कार्यालयको आसपासमा सरसफाई अभियान संचालन गरिएको सबैलाई अवगत नै छ। अब उप्रान्त ' सफा नगर, स्वस्थ नगरबासी ' को मुल नारालाई ध्यानमा राखी आआफ्नो घर पसलबाट उत्पन्न भएका जलाउन सकिने फोहोरलाई निश्चित ठाउँमा जम्मा गरी समयमै जलाउने र जलाउन नसकिने फोहोर (सिसा, बोत्तल आदि ) निश्चित ठाउँमा जम्मा गरी उचित

तरिकाले विसर्जन गर्ने । यदि कसैले वातावरणमा लापरवाही गरेमा फोहोरको प्रकृति अनुसार रु. १०० देखि रु. ५०० सम्म जरिवाना गरिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५. एअरपोर्ट गेटमा प्रतिक्षालय निर्माण सम्बन्धमा ।**

निर्णय नं. ५ प्रस्ताव नं. ५ मा व्यापक छलफल गर्दा ठूलीभेरी नगरपालिका वडा नं. ७ जुफाल एअरपोर्ट गेटमा हवाई यात्रुहरु लगाएत अन्य व्यक्तिहरुलाई आरामदायी तरिकाले बस्नका लागि प्रतिक्षालय निर्माण गर्ने भनी निर्णय गरियो ।

**प्रस्ताव नं. ६ फोहोर व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा ठूलीभेरी नगरपालिका भित्र फोहोर व्यवस्थापन गर्नका लागि ठुला फोहोर डष्टवीन खरिद गरी आवश्यक्ता अनुसार उपयुक्त ठाउँहरुमा राख्ने र दुनै र जुफाल बजारको फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल निर्माण गर्ने भनी निर्णय गरियो ।

**प्रस्ताव नं. ७ जुफाल एअरपोर्टदेखि शेरासम्म आर सि.सि बाटो निर्माण सम्बन्धमा ।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ मा व्यापक छलफल गर्दा ठूलीभेरी नगरपालिका वडा नं. ७ स्थित जुफाल एअरपोर्ट देखि शेरासम्म बाटो सर्भे गरी उपयुक्त सिडिंहरु निर्माण गरी आर.सी.सी. ढलानका लागि आगामी नगर सभाबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ खाद्यान्न ( चामल ) वितरण सम्बन्धमा ।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा कर्णाली प्रदेश सरकारबाट कामका आधारमा दलितहरुका लागि खाद्यान्न खरिदका लागि प्राप्त अनुदान रकमबाट चामल खरिद भैसकेको र उक्त चामल हालसम्म वितरण नभएकाले १, २, ३, ४, ५, ६, १० र ११ वडाहरुबाट १ हप्ता बराबर कामको योजना छनौट गरी यस कार्यालयमा पठाइदिन अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ जलवायु परिवर्तन सहयोग कार्यक्रम ( NCCSP ) निरन्तरता सम्बन्धमा ।**

निणर्य नं. ९ प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिकामा विगत २ वर्षदेखि संचालन हुँदै आएको जलवायु परिवर्तन सहयोग कार्यक्रम ( NCCSP ) ले यस नगरपालिकाको जलवायु परिवर्तनबाट परेको प्रभावलाई न्युनीकरण गर्दै समग्र नगरपालिकाको विकासमा महत्वपूर्ण योगदान रहेको स्मरण गराउँदै आगामी वर्षमा पनि निरन्तरता दिनका लागि सम्बन्धीत मन्त्रालयहरुमा सो कार्यक्रम निरन्तरता दिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० वडा कार्यालय संचालन तथा व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. १० प्रस्ताव नं. १० मा छलफल गर्दा ठूलीभेरी नगरपालिकाका वडा कार्यालयका वडा भवनहरु तथा स्वास्थ्य भवनहरु सम्बन्धित निर्माण व्यवसायीसंग समन्वय गरी तत्काल नगरपालिकालाई हस्तान्तरण

गराई यथाशिघ्र वडा कार्यालय तथा स्वास्थ्य कार्यालय संचालन गर्ने र जनशक्ति व्यवस्थापन सम्बन्धित वडा संग समन्वय गरी सम्बन्धित वडामा कार्यरत अन्य कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने र दिर्घकालीन समस्या समाधानका लागि आगामी नगर सभाबाट निर्णय भएबमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११. हवाई भाडा तथा टिकट व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ११. प्रस्ताव नं. ११ माथि व्यापक छलफल गर्दा महगों हवाई भाडा समायोजन तथा न्युनिकरण गर्नका लागि ठूलीभेरी नगरपालिकास्थित जुफाल बिमानस्थल, नागरिक उड्डयन प्राधिकरण र नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयमा नगर प्रमुख, उपप्रमुख र ७, ८ र ९ नं. वडाका वडाध्यक्षहरुबाट पहलकदमी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२. यातायात सेवा नियमितता सम्बन्धमा ।**

निर्णय नं. १२. प्रस्ताव नं. १२ मा छलफल गर्दा ठूलीभेरी नगरपालिका अन्तर्गत मोटरबाटो वा सडक सञ्जाल बिस्तार भएको ठाउँमा हालसम्म नियमितरुपमा गाडीहरु संचालन नभएको र प्राइभेट गाडीहरुले मनपरी भाडा असुल गर्ने गरेकाले जिल्ला प्रशासन कार्यालय र डोल्पा यातायात प्रा.लि. संग समन्वय गरी नियमित यात्रुवाहक गाडीहरु संचालन गर्नुका साथै यात्रुवाहक गाडिहरुमा आरक्षण सिट ( महिला, अपाङ्ग र ज्येष्ठ नागरिक ) को व्यवस्था गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३. सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।**

निर्णय नं. १३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा ठूलीभेरी नगरपालिकास्थित दुनै सदरमुकाम र नगर बजार जुफालमा सार्वजनिक शौचालय निर्माण गर्नका लागि आगामी नगर सभाबाट बजेट विनियोजन निर्णय गरियो ।

**प्रस्ताव नं. १४. एकिकृत बस्तुस्थिती विवरण संकलनका लागि आवश्यक बजेट व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. १४** प्रस्ताव नं. १४ मा छलफल गर्दा सुचना तथा संचार प्रविधिमा आधारित **एकिकृत बस्तुस्थिती विवरण संकलन गरी नगर पार्श्वचित्र** निर्माण गर्न ठूलीभेरी नगरपालिकाबाट थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५. मोटरबाटो ग्रावलिङ र पिच गर्न बजेट व्यवस्था गरीदिन अनुरोध गर्ने सम्बन्धमा ।**

निर्णय नं. १५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा दुनै देखि जुफाल मोटरबाटो र जुफालदेखि माझफाल हुँदै तालीसम्मको मोटरबाटो ग्रावलिङ्का साथै मोटर बाटो पिच गर्नका लागि संघ र प्रदेश सरकारसंग आवश्यक बजेट व्यवस्थ गरीदिनका लागि अनुरोध गर्ने निर्णय गरियो ।